# रमजानको अन्तिम दश दिन

(नेपाली)


लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# العشر الأواخر من رمضان

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

सर्वाधिकार लेखकमा सुरक्षित छ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो। र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन। र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन्। जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन्। यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो। तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन्।

प्रस्तुत पुस्तिकामा म रमजान र त्यसको अन्तिम पाख (अन्तिम अश्रह) को श्रेष्ठता र त्यसमा गरिने पूजा आराधनाको बारेमा केही ज्ञानवर्धक कुराहरू वर्णन गर्ने प्रयास गरेको छु। तसर्थ यस लेखमा मेरो समस्त प्रयास यस कुरामा केन्द्रित हुन्छ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्न सकूँ। मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस

लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# रमजान महिनामा व्रत बस्नुको अनिवार्यता र श्रेष्ठता

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾ البقرة: ١٨٣

अर्थ : आस्थावानहरू हो ! (मोमिनहरू) तिमीलाई रोजा राख्नु (व्रत बस्नु) अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । ( सूरतुल् बकरः १८३ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

بني الإسلام على خمس: شهادة أن لا إله إلا الله وأن محمدا عبده ورسوله, وإقام الصلاة, وإيتاء الزكاة, وحج بيت الله, وصوم رمضان . ( بخاري مسلم )

अर्थ : इस्लामका आधार पाँचवटा छनः लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु । नमाज कायम गर्नु । जकात ( धर्मदाय) दिनु । रमजान महीनाको व्रत बस्नु । हज्ज गर्नु । ( बुखारी, मुस्लिम )

त व्रत बस्नु हामीमाथि उस्तै अनिवार्य गरिएको छ जसरी हामीभन्दा पहिलाका समूहहरूमाथि अनिवार्य गरिएको थियो र वर्तमान कालमा पनि समस्त धर्मावलम्बीहरू कुनै न कुनै तरिकाले उपवास बस्दै छन् जसलाई हामी आफ्नो आँखाले हेरिरहेका छौं । तसर्थ सर्वश्रेष्ठ धर्म इस्लाम यस्तो राम्रो सुकार्यलाई कसरी छाड्न सक्थ्यो यसर्थ सबैलाई उपवास बस्नुतर्फ आमन्त्रित गऱ्यो । र साथै यसको लागि विधिहरू पनि तोक्यो जसलाई वर्णन गर्ने आवश्यकता छैन त्यसको बारेमा अधिक जानकारीको लागि मेरो लेख **रमजानको व्रत**लाई अवश्य हेर्नुस् ।

⇒ व्रत बसेमा अल्लाह र अल्लाहका रसूलको अनुशरण गरिन्छ । व्रत बसेर मान्छे आफ्नो पालनकर्ताको अनुशरण गरी त्यसको प्रसन्नता प्राप्त गर्छ र त्यसको दयाको पात्र बन्छ ।

⇒ व्रत बसेमा विगतका समस्त पाप दोषहरू माफ हुन्छन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

من قام رمضان إيمانا واحتسابا غفر له ما تقدم من ذنبه . )
بخاري: द्दण्ण्ढ , مسلم ठटण )

अर्थ : जसले रमजानको रात्रीमा नमाज कायम गऱ्यो त्यसका समस्त विगतका पापहरू क्षमा गरिन्छ । ( बुखारी हीस नं. २००९ मुस्लिम हदीस नं. ७६० )

र आर्को हदीसमा छ :

من صام رمضان إيمانا واحتسابا غفر له ما تقدم من ذنبه .
(بخاري: द्दण्ज्ञद्ध مسلم: ठटज्ञ )

अर्थ : जसले ईमानको अवस्थामा र पुण्यको आशा लिई रमजानको व्रत बस्छ त्यसको सबै पछिल्लो पापहरू माफ गरिन्छ । ( बुखारी हदीस नं. २०१४, मुस्लिम हदीस नं. ७६१ )

⟹ स्वर्गमा एउटा यस्तो ढोका छ जसको नाम **रैयान** हो, जसद्वारबाट मात्र व्रत बस्नेहरू नै प्रवेश पाउँछन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

إن في الجنة بابا يقال له الريان, يدخل منه الصائمون يوم القيامة لا يدخل منه أحد غيرهم, يقال: أين الصائمون؟ فيقومون لا يدخل منه أحد غيرهم, فإذا دخلوا أغلق فلم يدخل منه أحد .
(بخاري: ज्ञडढट , مسلم: ज्ञज्ञछद्द )

अर्थ : स्वर्गमा रैयान नामक एउटा यस्तो ढोका छ जसमा कियामत ( प्रलय )को दिन मात्र व्रतालु नै प्रवेश पाउने छन्, र यिनीहरू बाहेक कुनै आर्को व्यक्ति त्यस द्वारबाट प्रवेश गर्दैन, भनिन्छः व्रतालूहरू कता छन् ? अनि उनीहरू त्यसमा प्रवेश गर्न थाल्छन् र उनको साथमा कुनै अरु प्रवेश गर्दैन, र जब त्यस ढोकाबाट सबै व्रतालु प्रवेश भइहाल्छन् त त्यसलाई बन्द गरिदिइन्छ ताकि उनीहरू पश्चात कोही पनि त्यस ढोकाबाट प्रवेश नगरोस् । ( बुखारी हदीस नं. १८९६, र मुस्लिम हदीस नं. ११५२ )

⟹ प्रत्येक सुकर्मको पुण्य, प्रतिफल इस्लाममा तोकिएको छ तर व्रत एउटा यस्तो सुकर्म हो जसको प्रतिफल अल्लाहले आफूसित नै

आरक्षित गरेको छ । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हदीसे कुदसीमा भन्नुहुन्छ :

قال الله: كل عمل أدم له إلا الصيام فإنه لي وأنا أجزي به .

( بخاري: ज्ञठटज्ञ , مسلم ज्ञढद्धट )

अर्थ : अल्लाहको भनाई छ कि: आदमका सन्ततिहरूको प्रत्येक कर्म उसैको लागि हो व्रत बाहेक, यो व्रत मेरो लागि हो, र म नै यसको उचित प्रतिफल दिनेछु । ( बुखारी हदीस नं. १७६१, मुस्लिम हदीस नं. १९४६ )

# रमजानको अन्तिम दश दिनको श्रेष्ठता

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةِ ٱلۡقَدۡرِ ١ وَمَآ أَدۡرَىٰكَ مَا لَيۡلَةُ ٱلۡقَدۡرِ ٢ لَيۡلَةُ ٱلۡقَدۡرِ خَيۡرٞ مِّنۡ أَلۡفِ شَهۡرٖ ٣ تَنَزَّلُ ٱلۡمَلَٰٓئِكَةُ وَٱلرُّوحُ فِيهَا بِإِذۡنِ رَبِّهِم مِّن كُلِّ أَمۡرٖ ٤ سَلَٰمٌ هِيَ حَتَّىٰ مَطۡلَعِ ٱلۡفَجۡرِ ٥ ﴾ القدر: ١ - ٥

अर्थ : हामीले यस (कुरआन) लाई क़द्रको रातमा अवतरित गर्‍यौं । र तिमीलाई के थाहा कि शबे क़द्र (गौरवको रात्री) के हो ? शबे क़द्र एक हजार महीनाभन्दा राम्रो छ । यसमा रूहुल अमीन (जिब्राइल) र फरिश्ताहरू प्रत्येक काम सम्पन्न गर्नको लागि, आफ्नो पालनकर्ताको आदेशबाट अवतरित हुन्छन् । यो रात पूर्णतया शान्ति र भलाईको हो, उषाकालको उदय हुनेसम्म । ( सूरतुल् कद्र १-५ )

रमजान महिना मुसलमानहरूको लागि अल्लाहको तर्फबाट ठूलो सौगात हो । र यस महिनाको अन्तिम अश्रह ( अन्तिम दश दिन ) अति महत्वपूर्ण छन् । यसै पाखमा त्यो रात्री पनि आउँछ जसमा गरिएको पूजा अर्चना एक हजार महिनाको पूजा आराधना भन्दा श्रेष्ठ हुन्छ । र यसै दश दिनमा मान्छेहरू र अल्लाहका सदाचारी भक्तहरू एतकाफमा ( मात्र अल्लाहको उपासना गर्ने उद्देश्यले समस्त संसारबाट निस्पृह भइ कुनै मस्जिदमा बस्नु ) पनि बस्छन्, र यसै पाखको एतकाफ रसूल सल्लल्लाहो अलैहे वसल्लम पनि बस्थे, तर पूर्ण महिनाको एतकाफ पनि बस्न सकिन्छ तसर्थ पूर्ण महिनामा पनि एतकाफ बस्नुमा कुनै आपत्ति छैन । तर सुन्नत यसै दश दिनको एतकाफ बस्नु हो जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम निरन्तरताले बस्दै आएका थिए, र जसलाई म अगाडि हदीसहरूद्वारा प्रमाणीकरण गर्नेछु ।

यसर्थ प्रत्येक मुसलमानलाई चाहियो कि मौकाको लाभ उठाओस् र यस दश दिनमा अधिक भन्दा अधिक अल्लाहको स्तुति गरोस्, र अल्लाहसित रोई रोई आफ्नो पापहरूको क्षमायाचना गरोस्, र सकेसम्म अल्लाहको पूजा अर्चना र त्यसको पवित्रताको गुणगान गरोस्

जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लम गर्दै आएका थिए। हदीसमा वर्णित छ हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि:

أن النبي صلى الله عليه وسلم كان إذا دخل العشر أحيا ليله وأيقظ أهله وشد مئزره. (بخاري:द्दण्द्दद्ध, مسلم: ज्ञज्ञठद्ध )

अर्थ : जब रमजानको अन्तिम अश्‍रह (अन्तिम दश दिन) आरम्भ हुन्थ्यो त रसूल सल्लल्लाहो अलैहे वसल्लम रातभरी जाग्दथे, र आफ्‍नो घरपरिवारलाई पनि जगाउँथे, र कम्मर कसेर अधिक भन्दा अधिक पूजा अर्चना गर्थे। ( बुखारी हदीस नं. २०२४, र मुस्लिम हदीस नं. ११७४ )

र हजरत आइशा रजिअल्लाहो अन्हाको नै वर्णन छ कि :

كان رسول الله صلى الله عليه وسلم يجتهد في العشر الأواخر ما لا يجتهد في غيرها. ( مسلم: ज्ञज्ञठछ )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम पूजा गर्नुमा जति परिश्रम (रमजानको) अन्तिम दश दिनमा गर्थे त्यति अरु कुनै दिनहरूमा गर्दैन्थे। ( मुस्लिम हदीस नं. ११७५ )

त हदीसहरूबाट यो प्रष्ट भयो कि स्वयम् रसूल सल्लल्लाहो अलैहे वसल्लम यस दश दिनमा अरु दिनहरूभन्दा बढी पूजा अर्चना गर्थे जुनकि पापमुक्त थिए, त तपाई विचार गर्नुस् कि हाम्रो पूजा कस्तो हुनुपर्छ, र हामीहरूमाथि के कर्तव्य छ, र हामीलाई कति पूजा गर्नु राम्रो हुन्छ स्वयम् आफै प्रश्‍न गरेर उत्तर दिनुस्।

# एतकाफ

र यस्तै यसै दश दिनमा एतकाफ पनि बसिन्छ किनकि यसै अन्तिम पाखमा रसूल सल्लल्लाहो अलैहे वसल्लम पनि एतकाफमा बस्थे, जस्तो कि हदीसमा वर्णित छ हजरत आइशा रजिअल्लाहो अन्हा वर्णन गर्नुहुन्छ कि :

كان النبي صلى الله عليه وسلم يعتكف العشر الأواخر من رمضان حتى توفاه الله . ( بخاري: द्दण्द्दट )

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लम रमजानको अन्तिम अश्‌रह (अन्तिम दश दिन) मा एतकाफ बस्थे यहाँसम्मकि उहाँको स्वर्गबास भयो । ( बुखारी हदीस नं. २०२६ )

## एतकाफ बस्ने केही नियमहरू

एतकाफमा बस्ने मान्छेलाई चाहियो कि एतकाफमा बस्नुभन्दा अघि स्नान गरेर पवित्र भई सकेसम्म कुनै जामेअ् मस्जिद जसमा जुम्‌आको नमाज हुन्छ यस्तो खालको मस्जिदमा एतकाफ बसोस्, र एतकाफ घरमा बस्नु मिल्दैन मात्र मस्जिदमा बसिएको एतकाफ नै मान्य छ, र यदि ठूलो मस्जिद होस त अति उत्तम हुन्छ जस्तोकि मैले वर्णन गरें ।

त जब एतकाफमा बसिहालोस् त अनावश्यक ननिस्कोस् बरु कुनै दुनियावी र सांसारिक कार्यले पनि ननिस्कोस्, नत कसैको जनाजामा सहभागी होस् नत कसैसित भेट्‌ने उद्देश्यले निस्कोस् नत कुनै विरामीको हेरचाहको लागि नै निस्कोस्, नत स्वास्नीसित सम्भोग नै गरोस्, नत त्यसलाई स्पर्श गरोस् । अर्थात यस खालका समस्त कार्यहरूलाई गर्नु त्यसको लागि वर्जित छ। जस्तोकि हदीसमा वर्णित छ हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ :

السنة على المعتكف أن لا يعود مريضا ولا يشهد جنازة ولا يمس امرأة ولا يباشرها ولا يخرج لحاجة إلا لما لابد منه .

(أبوداؤد : द्दढठघ , وصححه الألباني)

अर्थ : एतकाफ बस्ने मान्छेको लागि सुन्नत यो हो कि त्यो आफ्‌नो एतकाफ बसेको समय कुनै विरामीसित भेट गर्नुको लागि ननिस्कोस्, नत कुनै जनाजामा सहभागी होस्, नत स्वास्नीलाई स्पर्श गरोस् नत

त्यससित सम्भोग गरोस्, र कुनै कार्यको लागि ननिस्कोस् त्यस कार्य बाहेक जसलाई गर्नु अति आवश्यक होस् । (अर्थात दिशा पिशाब... आदि ।) ( अबू दाऊद हदीस नं. २४७३, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

र यस्तै एतकाफमा बसेको मान्छे त्यसमाथि अनिवार्य गरिएको पूजा आराधना गर्नुको साथ साथै नफिली पूजाको पनि आयोजना गरोस् किनकि नफिली पूजाको श्रेष्ठताबाट कोही पनि इन्कारी हुनसक्दैन त्यसको श्रेष्ठता प्रमाणित छ हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कि अल्लाह भन्छ :

( وما يزال عبدي يتقرب إلي بالنوافل حتى أحبه ..... . )

( بخاري : टछ्ण्द्द )

अर्थ : मेरो भक्त नफिली पूजाद्वारा मेरो सामीप्यता प्राप्त गर्दैरहन्छ यहाँसम्म कि म त्यसलाई प्रेम गर्न थाल्छु..... । ( बुखारी हदीस नं. ६५०२ )

## लैलतुल् कद्र

यस्तै यस दश दिनभित्र नै एउटा रात्री आउँदछ जसलाई लैलतुल् कद्र (सम्मानित रात) भनिन्छ, जसमा गरिएको पूजाको पुण्यको कुरै नगर्नुस्, र यस रात्रीको विशेषता वर्णन गर्दै अल्लाहको भनाई छ :

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةِ ٱلۡقَدۡرِ ١ وَمَآ أَدۡرَىٰكَ مَا لَيۡلَةُ ٱلۡقَدۡرِ ٢ لَيۡلَةُ
ٱلۡقَدۡرِ خَيۡرٞ مِّنۡ أَلۡفِ شَهۡرٖ ٣ تَنَزَّلُ ٱلۡمَلَٰٓئِكَةُ وَٱلرُّوحُ فِيهَا بِإِذۡنِ رَبِّهِم مِّن كُلِّ
أَمۡرٖ ٤ سَلَٰمٌ هِيَ حَتَّىٰ مَطۡلَعِ ٱلۡفَجۡرِ ٥ ﴾ القدر: ١ - ٥

अर्थ : हामीले यस (कुरआन) लाई क्द्रको रातमा अवतरित गऱ्यौं । शबे क्द्र एक हजार महीनाभन्दा राम्रो छ । यसमा रूहुल अमीन ( जिब्राइल) र फरिश्ताहरू प्रत्येक काम सम्पन्न गर्नको लागि, आफ्नो पालनकर्ताको आदेशबाट अवतरित हुन्छन् । यो रात पूर्णतया शान्ति र भलाईको हो, उषाकालको उदय हुनेसम्म । ( सूरतुल् कद्र १-५ )

र हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

من قام ليلة القدر إيمانا واحتسابا غفر له ما تقدم من ذنبه . )

مسلم: ठटण , بخاري दृण्ज्ञद्ध )

अर्थ : जुन व्यक्ति आस्थाको साथ र पुण्यको नीयतले लैलतुल् कद्रमा पूजा अर्चना गर्दछ त्यसको विगतका समस्त पापहरू क्षमा गरिन्छन् । ( मुस्लिम हदीस नं. ७६०, र बुखारी हदीस नं. २०१४ )

त यस रात्रीलाई रमजानको अन्तिम पाख अर्थात अन्तिम दश रात्री मध्ये २१, २३, २५, २७, २९ को रात्रीमा खोज्नु उचित हो जस्तोकि हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

قد أريت هذه الليلة ثم أنسيتها فابتغوها في العشر الأواخر

وابتغوها في كل وتر ( بخاري: दृण्ज्ञट , مسلم: ज्ञज्ञटठ )

अर्थ : मलाई लैलतुल् कद्र देखाइयो फेरि मलाई बिर्साइयो तसर्थ अब तिमीहरू यसलाई अन्तिम दश दिनमा खोज र त्यसको विसम

रात्रीहरूमा खोज । ( बुखारी हदीस नं. २०१६, र मुस्लिम हदीस नं. ११६७ )

र विशेष रूपले यस दुआलाई अधिक भन्दा अधिक जाप गर्नु प्रमाणित छ । हदीसमा वर्णित छ :

أللهم إنك عفو كريم تحب العفو فاعف عني . (ترمزي: घछज्ञघ , ابن ماجة: घडछण , وصححه الألباني )

अर्थ : हे अल्लाह तिमी क्षमा दिनेवाला क्षमादाता दयालू हौ र क्षमालाई मनपराउँछौ तसर्थ मलाई क्षमा प्रदान गर । ( तिर्मिजी हदीस नं. ३५१३, इब्ने माजा हदीस नं. ३८५०, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

## जकातुल् फित्र (फित्रा)

र यस्तै ईदको चन्द्र हेरे पश्चात वा रमजानको अन्तिम सप्ताहमा सद्कतुल् फित्र निष्कासित गर्नु पर्छ। र यसलाई निष्कासित गर्ने विधि यो हो कि प्रत्येक स्वतन्त्र र दास व्यस्क र बच्चाहरू एवं महिला पुरुषहरूको तर्फबाट एक साअ् अर्थात लगभग २ किलो ५०० ग्राम खाद्यान्न समाग्री निष्कासित गर्नु पर्छ, र त्यसलाई ईदगाह (ईदको नमाज पढने ठाऊँ) जानुभन्दा अघि गरिब असहायहरूलाई वितरण गर्नु पर्छ। जस्तोकि हदीसमा छ :

فرض رسول الله صلى الله عليه وسلم زكاة الفطر صاعا من تمر أو صاعا من شعير على العبد والحر والذكر والأنثى والصغير والكبير من المسلمين, وأمر بها أن تؤدى قبل خروج الناس إلى الصلاة . ( بخاري: ज्ञछ्णघ , مسلم: ढडद्ब )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले सद्कतुल् फित्र (फित्रा) एक साअ् खजूरबाट वा एक साअ् जौबाट प्रत्येक स्वतन्त्र दास सानो ठूलो महिला पुरुष मुसलमानमाथि अनिवार्य गरेका छन्, र यो आदेश गरेका छन् कि यसलाई नमाजको लागि जानुभन्दा अघि नै वितरण गरियोस्। ( बुखारी हदीस नं. १५०३, र मुस्लिम हदीस नं. ९८४ )

र बुखारी एवं मुस्लिमको आर्को हदीसमा छ :

كنا نخرج زكاة الفطر صاعا من طعام أو صاعا من شعير أو صاعا من تمر أو صاعا من إقط أو صاعا من زبيب .

(بخاري: ज्ञछ्णट , مسلم: ढडछ्छ )

अर्थ : हजरत अबू सईद खुदरी भन्नुहुन्छ कि हामी जकातुल फित्र एक साअ् खानाबाट वा एक साअ् जौबाट वा एक साअ् खजूरबाट वा एक साअ् पनीरबाट वा एक साअ् किशमिशबाट निष्कासित गर्थौं। ( बुखारी हदीस नं. १५०६, र मुस्लिम हदीस नं. ९८४ )

र यो फित्रा निकाल्नुमा यो दत्वदर्शिता छ कि हाम्रो समाजमा जति मुसलमानहरू असहाय र गरिब छन् तिनीहरूको लागि यो फित्रा खुशीको कारण बनोस् किनकि जब समस्त मान्छेहरू यसलाई निष्कासित गरेर उनीहरूलाई प्रदान गरिहाल्छन् त उनीहरू पनि ईदको

दिन प्रसन्न भई रमाउँछन् । र उनीहरूको प्रसन्नतालाई मद्देनजर राखेर नै विद्हरूले यो सहमति गरेका छन् कि यदि यस फित्रालाई रमजानको अन्तिम सप्ताहमा निष्कासित गरेर त्यसका सही अधिकारीहरू सम्म पुऱ्याइयोस् भने अति राम्रो हुन्छ र यस्तो गरेमा कुनै आपत्ति छैन । र यसको दत्वदर्शितालाई प्रकाशित गर्ने उद्देश्यले रसूल सल्लल्लाहो अलैहे वसल्लमको सहाबीको यो भनाई प्रस्तुत छ:

فرض رسول الله صلى الله عليه وسلم زكاة الفطر طهرة للصائم من اللغو والرفث وطعمة للمساكين . ( أبو داؤد ज्ञटण्ढ , وحسنه الألباني )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले सद्कतुल् फित्र अनिवार्य गर्नु भयो किनकि यो व्रतालुका त्रुटिहरू र गल्तीहरू (असभ्य कुराहरू) बाट स्वच्छता हो, र गरिबगुरबाहरूको लागि खाद्य सामग्री (भोजन) हो । ( अबू दाऊद हदीस नं. १६०९ , र यस हदीसलाई अल्लामा अल्बानीले हसन (विश्वासनीय) भनेका छन् )

किनकि गरिबहरूसित यति धन र माल हुँदैन कि आफ्नो दैनिक आवश्यकता पूर्ण गर्न सकुन्, त यसै कारण व्रतालुहरूलाई यो आदेश दिइयो कि सद्कतुल् फित्र निष्कासित गरुन् ताकि ईदको दिन गरिबहरू जीविकाबाट निस्पृह भएर खुशी खुशी ईद मनाउन् ।

## व्रतका केही लाभहरू

यस महिनामा व्यक्ति आफूलाई समस्त कामयुक्त कार्य कुराहरूबाट आफ्नो जीउलाई जोगाउनुको कारण यस पूजाद्वारा जनावरको अनुरूपताबाट निकाली सामीप्य प्राप्त स्वर्गदूतहरूको अनुरूपता सम्म पुऱ्याउँछ, यहाँसम्म कि व्रतालु यस्तो आभास गरोस् कि त्यसको लागि यस संसारमा अल्लाहको प्रसन्नता बाहेक केही शेष छैन ।

र व्रत हृदयलाई जीवित पार्छ, र संसारिक मोहबाट मुक्ति प्रदान गर्छ, र अल्लाहको अनुकम्पाको आशान्वित बनाउँछ, र समृद्धलाई गरिबको अवस्थाको सम्झना गराउँछ, अनि समृद्धहरूका हृदयहरूमा कोमलता र प्रेमभावको सृजना हुन्छ, अनि विपन्नमाथि दया गर्छन् र अल्लाहले उनीमाथि जुन अनुकम्पा गरेको छ त्यसको सम्झना गरेर अल्लाहको प्रशंसा र कृतज्ञतामा अभिवृद्धि गरिहाल्छ ।

र व्रत मान्छेलाई र त्यसको आत्मालाई पवित्र गर्छ, र त्यसभित्र अल्लाहको भयत्रास जागृत गर्छ, र मान्छे एवं समाजलाई जाहेर र गोप्यमा सुगमता एवं विपन्नतामा अल्लाहको निरीक्षण र भयत्रासको सम्झना गराउँछ, र जब समस्त समाज पूर्ण महिना यस पूजामा दृढ रहन्छ यस सम्झनाको साथ कि अल्लाह हाम्रो संरक्षण गरिरहेको छ त यो कुरो त्यसलाई महान अल्लाहसित डरनु र त्यसमाथि र प्रलयमाथि आस्था राख्नुमा प्रेरित गर्छ, र यस कुरामा प्रेरित गर्छ कि अल्लाह दृश्य अदृश्यको ज्ञाता हो, र मान्छेमाथि यो अनिवार्य छ कि एक दिन आफ्नो पालनकर्ता समक्ष उभ्ने छ अनि त्यो त्यसले गरेका समस्त साना ठूला कार्यको बारेमा सोधपूछ गर्नेछ । ( मिफ्ताहु दारुस्सआदा भाग २ पे. नं. ३८४ )

# समाप्ति

त हे भाइ आफूलाई निद्राबाट जगाऊ, र आफूलाई कुकर्मबाट रोक, र सुकर्मतर्फ लगाऊ किनकि यसैमा त्यो शान्ति नीहित छ जसलाई पूर्ण संसार खोजिरहेको छ र जसको प्रतिक्षामा सबै बसेका छन् । समस्त संसारको यो नै चाहना छ कि शान्ति खुशीको साथ अआफ्ना जीवन व्यतीत गरुन् तर उनीहरूलाई इस्लामका निर्देशनहरूको बारेमा सत्य ज्ञान छैन तपाईहरूलाई अल्लाहले मध्यमार्गी समूह र सन्देष्टाहरूको उत्तराधिकारी बनाएको छ, यसर्थ आफ्नो दायित्वलाई बुझ र इस्लामलाई संसारका प्रत्येक जीवधारी सम्म र समस्त कुनाकाप्चा सम्म पुऱ्याउने प्रण गर, र समस्तलाई अल्लाहका निर्देशनहरू पुऱ्याऊ जसमध्ये यो व्रत पनि हो जसको पुण्यको बारेमा कसैलाई ज्ञान छैन । यसर्थ आफू पनि यस रमजानको महिनामा व्रत बस, नमाज कायम गर र सके सम्म अल्लाहको स्तुति र गुणगानमा लागिराख र अरुलाई पनि यस्तो गर्ने प्रेरणा देऊ । किनकि यदि तिमीले यस्तो गऱ्यौ भने त्यसलाई त व्रतको पुण्य मिल्छ तर तिमीलाई दोब्बर पुण्य मिल्नेछ, जस्तोकि हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

"من دل على خير فله مثل أجر فاعله" ( مسلم:ज्ञडढछ )

अर्थ : जसले कसैलाई सुकर्मतर्फ मार्गदर्शन गऱ्यो त्यसलाई त्यो कार्य गर्ने मान्छे झैं पुण्य मिल्नेछ । ( मुस्लिम हदीस नं. १८९५ )

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई आफ्नो सुमार्गतर्फ आह्वान गर्ने सुअवसर प्रदान गरी सन्देष्टाहरूको सत्य उत्तराधिकारी बनाओस् । र हामीलाई रमजान महिनासित लाभ उठाउने अवसर प्रदान गरोस् र त्यसमा अधिकभन्दा अधिक पूजा अर्चना र व्रत बस्ने सौभाग्य प्रदान गरोस् । र हामीलाई कुरआन र हदीसको प्रकाशमा जीवन व्यतीत गर्ने सुअवसर प्रदान गरोस्, र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरोस्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरोस् । र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी

उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**लेखक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | रमजान महिनामा व्रत बस्नुको अनिवार्यता र श्रेष्ठता | **5** |
| 3 | रमजानको अन्तिम दश दिनको श्रेष्ठता | **8** |
| 4 | एतकाफ | **10** |
| 5 | लैलतुल् कद्र | **12** |
| 6 | जकातुल् फित्र | **14** |
| 7 | व्रतका केही लाभहरू | **16** |
| 8 | समाप्ति | **17** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

IslamHouse.com